सत्यवती गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
जोहाङ्ग, गुल्मी
लुम्बिनी प्रदेश

# नदीजन्य पदार्थको बिक्रीका लागि ठेक्का आव्हान सम्बन्धी सूचना

दोश्रो पटक सूचना प्रकाशित मितिः२०८१/०८/१४

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६२(क), यस सत्यवती गाउँकार्यपालिकाको मिति २०८१/०५/३१ गतेको निर्णय र लुम्बिनी प्रदेशको मिति २०८१/०३/३० गते प्रकाशित राजपत्रको दफा ८ सँग सम्बन्धित अनुसूची -६ बमोजिम तपसिलमा उल्लिखित नदीहरुको स्वीकृत घाटहरुबाट तपसिल बमोजिमको परिमाणमा निर्धारित मापदण्ड बमोजिम नदीजन्य पदार्थ उत्खनन् र घाटगद्दी गरी गाउँपलिकाले तोकेको दरमा बिक्री गर्ने गरी ठेक्का बन्दोवस्त गर्नुपर्ने भएकोले ईच्छुक व्यक्ति, फर्म वा कम्पनीहरुले फर्मको नवीकरण भएको प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.व. २०७९/०८० को कर चुक्ता प्रमाणपत्र वा आ.व.२०८०/८१ को म्याद थप गरिएको कर चुक्ता प्रमाणपत्र र नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपिहरु संलग्न गरी तपसिल बमोजिमका सर्तहरुको अधीनमा रही ठेक्का प्रकृयामा सहभागी हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

| ठेक्का नं | नदीजन्य पदार्थ संकलन गरिने क्षेत्र | उत्खनन् परीमाण (घन फि.) | न्यूनतम कबोल अङ्क (सेवाशुल्क र मू.अ.क. सहित) | फाराम दस्तुर | धरौटी रकम | विड बण्ड म्याद | बोलपत्र पेस गर्ने अन्तिम मिति, समय र स्थान | बोलपत्र खोलिने अन्तिम मिति र समय |
|---|---|---|---|---|---|---|---|---|
| आय ०२-०८१/०८२ | कालीगण्डकी नदी (ठूला वगर क्षेत्र) | ७४००० | ५०१७२०/- | १,००० /- | कबोल गरेको अंकको ५% को दरले हुन आउने रकम | ७५ दिन | २०८१/०८/२१ दिनको १२:०० बजे सत्यवती गाउँपालिकाको कार्यालय, जोहाङ्ग गुल्मी | २०८१/०८/२१ दिनको ०१:०० बजे सत्यवती गाउँपालिकाको कार्यालय, जोहाङ्ग गुल्मी |
| आय ०४-०८१/०८२ | कालीगण्डकी नदी (चकमके बगर क्षेत्र) | ४४५०० | ३०१७१०/- | १,००० /- | कबोल गरेको अंकको ५% को दरले हुन आउने रकम | ७५ दिन | २०८१/०८/२१ दिनको १२:०० बजे सत्यवती गाउँपालिकाको कार्यालय, जोहाङ्ग गुल्मी | २०८१/०८/२१ दिनको ०१:०० बजे सत्यवती गाउँपालिकाको कार्यालय, जोहाङ्ग गुल्मी |
| आय ०५-०८१/०८२ | कालीगण्डकी नदी (कठानी बगर क्षेत्र) | ४४५०० | ३०१७१०/- | १,००० /- | कबोल गरेको अंकको ५% को दरले हुन आउने रकम | ७५ दिन | २०८१/०८/२१ दिनको १२:०० बजे सत्यवती गाउँपालिकाको कार्यालय, जोहाङ्ग गुल्मी | २०८१/०८/२१ दिनको ०१:०० बजे सत्यवती गाउँपालिकाको कार्यालय, जोहाङ्ग गुल्मी |

- फाराम दस्तुर बुझाउनः कुमारी बैङ्क, सत्यवती शाखा, GA.1.1.ANTARIK RAJASWA KHATA खाता नं. 2690247957400010
- धरौटी रकम बुझाउनः कुमारी बैङ्क, सत्यवती शाखा , GA 3 DHARAUTI K SATYAWATI खाता नं. 2690247957400003

(नोटः विस्तृत जानकारीको लागि यस कार्यालयको website: https://satyawatimun.gov.np/ मा हेर्न सकिनेछ)

सर्तहरुः

१. फर्मको हकमा नवीकरण भएको दर्ता प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.व. २०७९/०८० को करचुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि र व्यक्तिको हकमा नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, ठेक्का फाराम दस्तुर बापत रु १००० पछि फिर्ता नहुने गरी यस कार्यालयको राजस्व शाखामा नगदै तिरेको रसिद वा कुमारी बैंक शाखा कार्यालय सत्यवतीमा रहेको यस कार्यालयको खाता नं २६९०२४७९५७४०००१० मा नगद जम्मा गरेको नगद भौचरसाथ निवेदन पेस गरी यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले २०८१/०८/२० गते कार्यालय समयभित्र कार्यालयबाट ठेक्का फाराम खरिद गर्न सकिनेछ ।

२. बढाबढको प्रस्ताव पेस गर्ने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा सोको लगत्तै पछिको कार्यालय खुल्ने दिन उल्लिखित कार्य हुनेछ।

४. बढाबढको प्रस्ताव सम्बन्धी फाराम भर्दा कवोल रकम अक्षर र अंकमा स्पष्ट उल्लेख गर्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ ।

५. आफूले कबोल गरेको अंकको ५ प्रतिशतको दरले हुन आउने धरौटी रकम यस कार्यालयको कुमारी बैंक ,सत्यवती शाखामा रहेको धरौटी खाता नं २६९०२४७९५७४००००३ मा जम्मा गरी सोको सक्कल बैंक भौचर वा नेपाल राष्ट्रबैंकबाट इजाजत प्राप्त बैंकबाट यस कार्यालयको नाममा ठेक्का नं. र नाम उल्लेख गरी ७५ दिनको म्याद सहित जारी गरिएको बिड बण्ड सिलबन्दी खामसाथ पेस गर्नु पर्नेछ ।

६. खरिद गरेको ठेक्का फारामहरुमा उल्लेख भएका सबै विवरणहरु भरी बढाबढको प्रस्ताव गर्नेले प्रत्येक पानामा सही छाप गरी सिलबन्दी गरी खाम बाहिर फर्मको नाम, ठेगाना, कामको विवरण, ठेक्का विवरण प्रोपराइटरको नाम, ठेगाना, फोन नं, मोबाइल नं. समेत स्पष्ट खुलाई फर्मको छाप लगाई मिति २०८१/०८/२१ गते दिनको १२:०० बजेभित्र यस कार्यालयमा पेस गर्नु पर्नेछ ।

७. एक फर्म वा संस्थाको नाममा खरिद गरिएको ठेक्का फारम अर्को फर्म वा संस्थाका नामबाट दाखिला गर्न पाइने छैन । रीतपूर्वक पर्न आएका ठेक्का सम्बन्धी कागजातहरु मिति २०८१/०८/२१ गते दिनको १ बजे विभिन्न कार्यालयका प्रतिनिधि, निर्माण व्यवसायी वा निजको प्रतिनिधिहरुको रोहबरमा यस कार्यालयमा खोलिने छ । साथै प्रस्तावदाता वा निजको प्रतिनिधि ठेक्का खोल्ने समयमा उपस्थित नभएमा पनि ठेक्का खोल्न बाधा पर्ने छैन। उक्त दिन बिदा परेमा सो कार्य बिदाको लगत्तैपछि कार्यालय खुलेको दिनमा गरिनेछ ।

८. ठेक्का  सम्बन्धी विस्तृत जानकारी बोलपत्र सम्बन्धी फाराममा उल्लेख गरिएको हुँदा सोही पुस्तिकाबाट अवगत गर्न वा यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ । म्याद नाघी, रीत नपुगी वा सर्त सहित पेस हुन आएका बोलपत्र स्वीकार गर्न यस कार्यालय वाध्य हुने छैन । बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

१०. ठेक्का स्वीकृत भएको सूचना पाएको मितिले ७ दिनभित्र मू.अ. कर दर्ता प्रमाणपत्र समेत लिई कबोल अंकको प्रथम किस्ता बापत ५० प्रतिशतले हुने रकम अनिवार्य बुझाउनु पर्नेछ । दोस्रो किस्ता बापत नेपाल राष्ट्र बैंकबाट ईजाजत प्राप्त बैंकबाट यस कार्यालयको नाममा बाँकी ५० प्रतिशतले हुने रकम २०८२ साल असार मसान्तसम्म म्याद सहित जारी गरिएको बैंक ग्यारेन्टी (परफरमेन्स बन्ड) समेत पेस गरी पट्टा उठाउनु पर्नेछ ।

११. तोकिएको म्यादभित्र पट्टा उठाउन नआएमा राखिएको धरौटी रकम जफत गरी नियमानुसार ठेक्का वन्दोवस्त गरिनेछ ।

१२. यस गाउँपालिकाका नदी तथा नदीहरुको उत्खनन् क्षेत्र र उत्खनन् परीमाणका सन्दर्भमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४, सम्बन्धित स्थानीय तहबाट जारी भएका कानुन, प्रदेश कानुन तथा अन्य प्रचलित कानुन वा मापदण्ड बमोजिम हुनेछ । साथै यस कार्यालयबाट गरिएको वातावरणीय अध्ययन प्रतिवेदन यस ठेक्का सम्झौताको अभिन्न अंग मानिनेछ ।